# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३० ] काठमाडौं, पुस १ गते २०३७ साल [ संख्या ३५


श्री ५ को सरकार

## खाद्य कृषि मन्त्रालयको

## सूचना

कपास विकास समिति (गठन) आदेश, २०३७

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "कपास विकास समिति (गठन) आदेश २०३७" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ र तीन वर्षसम्मको लागि कायम रहनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

"परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत कपास विकास परियोजना सम्झनुपर्छ ।

३. समितिको गठनः (१) कपास विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) सचिव, खाद्य कृषि मन्त्रालय– अध्यक्ष

(ख) प्रतिनिधि, राष्ट्रिय योजना आयोग– सदस्य

आधिकारिक प्रमाणित गरिएपछि मात्र लागु हुने

(ग) चीफ कन्जरभेटर, वन विभाग– सदस्य
(घ) महानिर्देशक, कृषि विभाग– सदस्य
(ङ) महाप्रबन्धक, नेपाल पुनर्वास कम्पनी– सदस्य
(च) योजना प्रमुख, हेटौंडा कपडा मिल– सदस्य
(छ) परियोजना प्रमुख, कपास विकास परियोजना– सदस्य-सचिव
(ज) कपास खेती गरिने क्षेत्रका जिल्ला पञ्चायतका सदस्यहरू– सदस्य
(झ) कपास खेती गरिने क्षेत्रका प्रधानपञ्चहरू– सदस्य

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूको थपघट वा हेरफेर गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः सुनियोजित ढङ्गबाट कपास खेतीको विकास तथा विस्तार गर्नु समितिको कर्तव्य हुनेछ र सो उद्देश्य पूर्ति गर्न समितिले देहायको कामहरू गर्न सक्नेछः–

(क) निर्दिष्ट क्षेत्रका कृषकहरूलाई आवश्यक प्राविधिक ज्ञान दिलाई आधुनिक तरीकाबाट कपास खेती गर्न लगाउने,
(ख) कृषक तथा प्राविधिकहरूलाई कपास खेतीसम्बन्धी तालीम दिने व्यवस्था गर्ने,
(ग) कपासको उन्नत बीज बिजनको व्यवस्था गर्ने,
(घ) कपास बाली संरक्षण र सम्बर्धनको लागि विभिन्न पक्षमा अनुसन्धानात्मक कार्यहरू गर्ने,
(ङ) कपासबाट बीउ छुट्याउने (जिनिङ) र गाड बनाउने व्यवस्था गर्ने,
(च) गुणस्तरको आधारमा बीजसहित कपासको अग्रीम मूल्य निर्धारण गरी खरीद गर्ने र बीउ छुट्याई (विनिङ्ग गरी) कपासको बिक्रीको व्यवस्था गर्ने,
(छ) कपास खेती, पसल चक्र खेती खाली राख्ने र कपासबाट बीउ छुट्याउने समयको निर्धारण गर्ने,
(ज) कपासको भाव मन्दी भएको बेलामा उत्पादन खर्च स्थिर राख्नु र कृषि सामग्री खरीद गर्न कृषकहरूलाई आर्थिक सहायता दिने व्यवस्था गर्ने,
(झ) परियोजनाको कार्य प्रगतिको वार्षिक प्रतिवेदन श्री ५ को सरकारमा पेश गर्ने,
(ञ) कपास खेतीको विकासको निमित्त आवश्यक पर्ने अन्य कार्यहरू गर्ने।

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) समितिको कुल सदस्यसंख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

४४०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) अध्यक्षको अनुपस्थितिमा समितिको बैठकको अध्यक्षता सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) समितिको आमन्त्रणमा श्री ५ को सरकारका कुनै अधिकृत, स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकार समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन सक्नेछ ।

(६) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।

६. समितिको कोष: (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ:–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) श्री ५ को सरकारमार्फत कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) समितिले अन्य कुनै श्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको कोषको संचालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. लेखापरीक्षण: (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जचाँउन सक्नेछ ।

८. अधिकार प्रत्यायोजन: समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उप-समिति वा समितिको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

नियम बनाउने अधिकार: समितिले आफ्नो कार्य संचालनको लागि श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक नियमहरू बनाउन सक्नेछ ।

१०. श्री ५ को सरकारसँग सम्पर्क: समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा खाद्य कृषि मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

११. समितिको कार्यालय: समितिको प्रधान कार्यालय, नेपालगन्जमा र सम्पर्क कार्यालय, काठमाडौंमा रहनेछ ।

आज्ञाले–
वेदबहादुर खड्का
श्री ५ को सरकारको सचिव

४४१

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

882

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।